## गाँजा के हो ?

- **गाँजा एक लागू-औषधी हो ।**
- गाँजाको वोटमा असंख्य प्रकारका "क्यानाबिनोइड्स" नामक रासायनिक यौगिक हुन्छ, उदाहरणको लागि, टिएचसि, सिबिडि
- टिएचसि (टेट्राहाइड्रोक्यान्नाबिनोल) गाँजाको वोटको मुख्य क्यानाबिनोइड हो जसको कारण मानसिक असर ("मात लाग्ने"), हानिकारक असरहरु र लत लाग्ने हुन्छ ।
- गाँजाको वोटका अतिरिक्त, कृतिम क्यानाबिनोइड्सहरु पनि पाइन्छन् जुन् प्रयोगशालामा उत्पादित हुन् र जसको असर गाँजाको वोटमा हुने टिएचसि र अरू क्यानाबिनोइड्सको जस्तै हुन्छ ।
- सडके बोलीचालीका नामः "गाँजा", "ह्यास", "ग्रास", वा "विड", आदि.



## गाँजाका उत्पादनहरुका विभिन्न रूपहरु के-के हुन् ?


- सबै भन्दा चल्तीको प्रकारः चुरोटमा बेरेर पिउने
- अन्य प्रकारहरुः गाँजाका बुटी तथा क्यानाबिनोइड्स खाना, पेय पदार्थ, छाला, कपाल तथा नङमा लगाउने सामायिक उत्पादनहरुमा थप्न सकिन्छ; गाँजाको सार; गाँजाको रेजिन वा तेलहरु ।
- "गाँजा", "क्यान्ना", "म्यारुआना", "इन्डिका", साटिभा", "हेम्प", "टिएचसि" जस्ता शब्दहरुको अथवा गाँजाका उत्पादनहरु पहिचान गर्न गाँजाको वोटको  चित्रको ख्याल गर्नुहोस्



## के गाँजा हानिकारक छ?

- गाँजा के एक बिरूवा होइन र तसर्थ कम हानिकारक हुने होइन र? के यसका नकरात्मक असरहरु छोटो अवधिको लागि मात्र हुन्छ?
- होइन। धेरै प्राकृतिक बिरूवाहरुमा **विषाक्त** तथा **हानिकारक** पदार्थहरु हुन्छन् । त्यसमाथि प्रयोगशालामा अझ बढि शक्तिशाली कृतिम क्यानाबिनोइड्सहरुको उत्पादनमा वृद्धि  भइरहेको छ।
- गाँजा एक लत लाग्ने र स्वास्थयमा छोटो तथा लामो अवधि दुबै किसिमका हुने गम्भिर हानि गर्न सक्ने लागू-औषधि हो , जस्तै
  - दुर्व्यसन
  - भ्रम
  - बौद्धिक स्तरमा ह्रास
  - बेचैनि
  - मानसिक चिन्ता
  - एकाग्रतामा कमि तथा विकृत अनुभुति (दृष्टि, आवाज, समय, स्पर्श)
  - दिर्घकालिन औडाहापन तथा निदाउरोपन
  - सूर्तिसँग प्रयोग गरियो भने अर्वुद रोग तथा श्वासप्रश्वास सम्बन्धि रोगहरुको उच्च जोखिम हुने
  - जवान गाँजा प्रयोगकर्तामा हृदयघात तथा आघात हुन सक्ने
  - सवारी चालनमा कमजोरी र सडक यातायात दूर्घटना बाट हुने चोटको उच्च जोखिम

## के गाँजा हानिकारक छ?




## के गाँजा हानिकारक छ?




## के गाँजाको लत लाग्छ?

- **हो**, शाररिक र मनोवैज्ञानिक दुबै रूपमा ।
- दुर्व्यसनीहरुको बढि गाँजा सेवना प्रति झुकाव हुन्छ र "माते लाग्ने" असर कायम राख्न अन्य अवैध पदार्थहरु पनि प्रयोग गर्दछन् ।

## के गाँजा औषधीको रूपमा प्रयोग गर्न सकिन्छ ?

- गाँजाको वोट **औषधी होइन** ।
- हङकङमा कुनै पनि दर्ता गरिएको औषधीजन्य उत्पादनमा गाँजा वा क्यानाबिनोइड्स समावेश हुँदैन ।
- केहि अनुसन्धानहरुले कुनै निश्चित क्यानाबिनोइड्सले केहि रोगहरुका लक्षणहरुमा राहत दिने देखाएको छ। जस्तै, स्नायू प्रणाली सम्बन्धि रोगबाट हुने पिडा र मष्तिश्क र मेरुदण्ड सम्बन्धि रोगहरुबाट हुने मांशपेशि नियन्त्रणमा विकार, विशेष प्रकारको छारे रोगमा हुने  दौरा, अर्वुद रोगका विरामीहरुलाई किमोथेरापी अन्तर्गत हुने वाकवाकी वा वान्ता.
- तथापि, क्यानाबिनोइड्सले अन्तर्निहित रोगलाइ परिमार्जन गर्दैन, न त तिनिहरु कुनै पनि उक्त अवस्थाहरुको पहिलो पंक्तिको उपचार नै हो ।
- अझ थप अनुसन्धानहरु शुरु गरिएको छ ।

## कसैले सहयोग कसरी खोज्न सकिन्छ? के यो मामला गोप्य राखिन्छ?

➢ यहाँबाट सहयोग खोज्नुहोस् -

- २४ घण्टे लागू-औषधी विरुद्ध हटलाइनः

  **१८६ १८६**

- व्हाट्सएप/वीच्याट बाट सहयोग खोजीको लागि तत्काल सन्देशः

  **९८ १८६ १८६**




➢ जानकारीहरु अत्यन्त गोप्य राखिनेछ ।

## यदि कसैले गाँजा वा गाँजाजन्य उत्पादनहरु विक्रि गरेको थाहा पाए मैले के गर्नु पर्छ?

➢ लागू-पदार्थ सम्बन्धि अपराधको सुचना दिनुहोस् -

- प्रहरीमा लागुपदार्थ सम्बन्धि सुचना दिने हटलाइनः

  **२५२७ १२३४**

- भन्सार तथा उत्पादन शुल्क विभागः


  **२५४५ ६१८२**

➢ गाँजा बारे अंग्रेजीमा अझ थप जानकारीका लागि कृपया हाम्रो तल दिइएको वेबसाइटमा जानुहोस्

**www.nd.gov.hk/en/cannabis/furtherinfo_eng.htm**

## गाँजालाई कसरी नाई भन्ने?


➢ कसैले तपाँईलाई गाँजा (र अन्य कुनै लागू-पदार्थहरु) सेवन गर्न कोशिस गर्न भनेको खण्डमा नाँई भन्ने केहि तरिकाहरुः




## यदि मेरा साथीहरु, बच्चाहरु वा विद्यार्थीहरुले गाँजा सेवन गरेको छ भनेर कसरी थाहा पाउने?

➢ गाँजा सेवन गरेको **चेतावनी संकेतहरु** याद गर्नुहोस् -

- कडा गन्ध हुने (प्राय चुरोटको धुवाँ भन्दा कडा)
- एकटक रूपमा टोलाउने
- विना कारण गिलिल्ल हाँस्ने
- आँखाहरु रातो रक्तमय हुने



➢ अभिभावकहरुका लागिः तपाँईका बच्चाहरुले गाँजा लिईरहेको हुन सक्ने संकेत -

- मूड परिवर्तन
- शरिरको कडा गन्ध हटाउन धुप तथा डियोडोराइजरहरुको प्रयोग
- बाथरुममा लामो समय बस्ने
- कोठाहरुमा लागू-पदार्थ सम्बन्धित वस्तुहरु जस्तै बोङ्ग, पिस्ने जातो, पाइपहरु र बेर्ने कागजहरु हुने





## सजाँय के हो त? के सरकारले गाँजालाई कानुनी मान्यता दिनेछ ?

➢ गाँजा र गाँजा समावेश भएका सबै उत्पादनहरु वा नियन्त्रित क्यानाबिनोइड्स (जस्तै टिएचसि) हरु खतरनाक लागू-औषधी अध्यादेश (क्याप. १३४) अन्तर्गत नियन्त्रित भएका छन् ।

➢ तस्करी र अवैध खपतका लागि अधिकतम **कठोर** दण्डः

(क) तस्करीः आजीवन कारावास र ५० लाख डलर जरिवाना

(ख) अवैध रूपमा कब्जा र उपभोग: ७-वर्ष कारावास र १० लाख डलर जरिवाना

➢ गाँजा एक लागू-पदार्थ हो । संयूक्त राष्ट्रसंघले गाँजाको उत्पादन, निर्माण, निर्यात, आयात, प्रयोग र कब्जा आदिमा कडा नियन्त्रणको आवश्यकताको चाहना गरेको छ।

➢ यसका सबै **नकारात्मक असरहरु र अन्तराष्ट्रिय नियामक आवश्यकताहरुले** गर्दा, सरकारले **गाँजाको तथाकथित "मनोरञ्जनात्मक" प्रयोग** (जसलाई साधरणतया गाँजाको गैर-चिकित्सकीय प्रयोग भनिन्छ) **सहित गाँजालाई कानुनी मान्यता दिने छैन** ।

## सजाँय के हो त? के सरकारले गाँजालाई कानुनी मान्यता दिनेछ ?

➢ केहि विदेशी अधिकारक्षेत्रहरुले गाँजाको "मनोरञ्जनात्मक" प्रयोगलाई कानुनी मान्यता प्रदान गरेको छ। ति अधिकारक्षेत्रहरुले समावेश गरेर दिइएका औचित्यहरु -

(क) सरकारी कार्यक्रमहरुको कोषका लागि कानुनी मान्यता प्राप्त गाँजाको विक्रिबाट कर राजस्व उत्पन्न गर्ने

(ख) गाँजाको कानुनी उत्पादन प्रदान गरि गाँजाको अवैध गतिविधि कम गर्ने

(ग) संगठित अपराधी समूहहरुबाट हुने गाँजाको व्यापार पुनर्दावी गर्ने

(घ) गाँजा अपराधबाट अदालतमा उत्पन्न हुने कामको कम गर्ने

(ङ) गाँजामा यूवाहरुको पहुँचलाई प्रतिबन्धित गरि उनिहरुको स्वास्थयको सुरक्षा गर्ने

➢ माथि उल्लेखित (क) देखि (घ) सम्मका बुँदाहरु हङकङको सन्दर्भमा सान्दर्भिक अवधारणा होइन । वास्तवमा हाम्रो विचारमा दावी गरिएको “फाइदाहरु” गाँजा दुरुपयोगले समाजमा हुने हानी भन्दा अधिक हुन सक्दैन ।

➢ बुँदा (ङ) को सन्दर्भमा, अन्तराष्ट्रिय लागू-औषधी नियन्त्रण बोर्डले यथार्थमा प्रशस्त संख्याका इजाजत प्राप्त गाँजाका व्यापारहरुले जवान व्यक्तिहरुमा गाँजा विक्रि गरेको औंल्याएको छ ।




सहयोग खोज्नुहोस् / सोधपुछ ("क्यान्टोनिज र अंग्रेजीमा मात्र सेवाहरु उपलब्ध छन्")

हटलाईन : **186 186**

व्हाटस्एयाप /विच्याट : **98 186 186**

लागूओषधि विभाग, सुरक्षा ब्यूरो

लागूओषधि विरुध्द कार्यसमिति

CANNABIS A DRUG